# मदाने गाउँपालिका आ.ब.०७४/०७५को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

सर्वप्रथम यस गरिमामय सभामा सदियौ देखी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा आफ्नो जीवनको आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै आन्दोलनमा घाइते अपाङ्ग तथा बेपत्ता भएका सबै योद्धा प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । नेपाली आमाका सपुतहरुको संघर्ष पूर्ण योगदान बाट देशले गणन्त्रात्मक संविधान पाएको छ र त्यहि संविधान कार्यान्वयनको प्रथम चरण अन्तर्गत आफ्ना प्रतिनिधी मार्फत स्थानीय तहमा शासन गर्ने उत्कृष्ठ चाहना पुरा भएकोछ ।

संविधानका निर्जिब अक्षरहरुले नागरिकका भावनाहरुको प्रतिविम्वन त गर्छन तर संवोधन गर्दैनन् । नागरिकको भावनाको संवोधनको लागि संविधानको रचनात्मक कार्यान्वयनको सोंच पहल कदमी तथा सकरात्मकताको आबश्यकता पर्दछ । हामीले संविधानमा लिपिवद्ध गरेको स्थानीय सुशासन तथा अधिकारले जनता संगै जनताको मन मस्तिस्क छुने तथा सुख दुखमा जनता संग नै स्थानीय सरकार रहेको प्रत्याभुत गरेको छ । स्थानीय निर्वाचन मार्फत जनताले आफ्नो अभिमत जाहेर गरि जनप्रतिनिधीहरुको स्थानीय तहमा बहाली भई स्थानीय सरकार गठन भएको छ । यस अवसरमा मदाने गाउँपालिकाको विकास र समृद्धिकालागि प्रथम गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षको अनुभुती गरेको छु ।

छरिएर रहेका बस्ती, भौगोलिक कठिनाई, भौतिक पुर्वाधारहरुको न्यूनता, ब्याप्त गरीवी, जनताका असिमित चाहना र आकांक्षा यस गाउँपालिकाको मुख्य चुनौति रहे पनि संवेदनसिलता तथा विकास प्रेमी जनता भौगालिक तथा सांस्कृतिक विविधता, जडिबुटि तथा पर्यटनको प्रयाप्त संभावना, श्रोत साधनको प्रचुरता यस गाउँपालिकाको विकासको आधार हो । उपलब्ध श्रोत र साधनको कुशल र समुचित परिचालन गरि समृद्ध मदाने निर्माण हुने विश्वास लिएको छु।विकास र समृद्धि निरन्तर चलिरहने प्रक्रिया हो । उपलब्ध श्रोत साधनहरुको प्रभाबकारी उपयोग मार्फत् जनताको आबश्यकता एबं चाहनाहरुको प्राथमीकिकरण गरि जनताको सहाभागितामा मदाने गाउँपालिकाको सर्वाङ्गीण विकास आजको आवश्यकता हो । आर्थिक, सामाजिक, राजनीतिक, सास्कृतिक तथा शैक्षिक लगायत समग्र गाउँपालिकाको विकास गरि यसको प्रतिफलको समान र न्यायोचित वितरण मार्फत् जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभुत दिलाई ूकृषि पर्यटन पुर्वाधार र रोजगार, आत्मनिर्भर सहित समृद्ध मदाने, विकासको आधारू भन्ने मुल नारालाई ब्यवहारिक रुपमा कार्यान्वयन गर्न नीति तथा कार्यक्रम सफल हुने छ भन्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

नीति तथा कार्यक्रम अन्तर्गत रहेर यो गाउँपालिकोको सर्वाङ्गीण विकासका आधारहरुलाई बुदागत रुपमा प्रस्तुत गर्न चहन्छु।

## १. आर्थिक विकास

(क) कृषि तथा सिंचाई

○ कृषि तथा सिचाई क्षेत्रमा विकास गर्नको लागि राष्ट्रिय कृषि विकास रणनीतिले पहिचान र तय गरेका कार्यक्रमलाई सहयोग हुने गरि निर्धारण गरिनेछ ।

○ जमिनको सम्भाव्यता अध्ययन गरी आधुनिक कृषि प्रणालीमा जोड दिईने छ ।

○ अलैंची, अदुवा, बेसार, आलु, फलफूल र जडीवुटी उत्पादनका पकेट क्षेत्र घोषणा गर्ने, अनुदान दिने र उत्पादन बढाइने छ । त्यसको लागि कृषि तथा माटो विशेषज्ञको रायरसल्लाहका आधारमा उल्लेखित क्षेत्र निर्धारण गरी त्यस क्षेत्रका किसानहरुलाई तालिम प्रदान गरिनेछ । स्थानीय वालीहरुको संरक्षण गरिनेछ ।

○ उपयूक्त मूल्य शृङ्खला स्थापित गर्दै कृषकले आफ्नो उत्पादनको उचित मूल्य र वजार पहूँच पाउने सुनिश्चित गर्न विचौलियाको उपस्थितिलाई निरुत्साहित गर्ने नीति लागू गरिनेछ ।

○ सामूहिक रुपमा कृषि व्यवसायमा संलग्न हुने कृषकहरुलाई एकीकृत रुपमा प्राविधिक सहयोग उपलव्ध गराईनेछ ।

○ कृषि तथा पशु विमा कार्यक्रम लागू गर्ने, साप्ताहिक हाटबजारको व्यवस्था गरी कृषिउपज खरिद बिक्रीको प्रबन्ध मिलाउने । गाँउपालिका केन्द्रमा कृषि तथा पशु हाटवजार सञ्चालन गरिने छ ।

○ व्यावशायिक पशुपालन र तरकारी खेतीलाई प्रोत्साहन गर्दै दुध, मासु तथा तरकारीमा आत्मनिर्भरता बढाइने छ ।

- युवा शक्तिलाई व्यवसायीक कृषितर्फ आकर्षित गर्न कृषि प्राविधिक तालिम आयोजना गर्ने र यसलाई सम्मानजनक पेशाको रुपमा विकसित गरिनेछ ।
- कृषि सिंचाईको विस्तार गर्ने तथा सिंचाइको सहज पँहुच नभएका ठाउँमा सिंचाइ सामग्री खरिदमा अनुदानको व्यवस्था गर्ने ।
- प्रत्येक वडाहरुमा कृषि तथा पशु स्वास्थ्य प्राविधिकको ब्यवस्था गरिने छ ।
- आवश्यक स्थानहरुमा कृषि उपज तथा दुग्ध संकलन केन्द्र र कृषि सूचना केन्द्रको स्थापना एवं कृषि तथा पशु हाटवजारको ब्यवस्था गरिनेछ ।
- नमुना कृषकहरुलाई प्रोत्साहन र पुरस्कार तथा कृषि ऋणमा सहुलियत प्रदान गरिने छ ।
- जलवायु अनुकुलित र वातावरण मैत्री कृषि प्रविधिहरुको विकास र विस्तार गरिने छ ।
- मल,विउ, कृषि औजार तथा सिचाई, ट्याक्टर एवं आधुनिक प्रविधि खरिदमा अनुदान, सहुलियत उपलब्ध गराइने छ ।
- सहकारितामा आधारित कृषि प्रणालिलाई प्रोत्साहन गरिने छ । कृषि सहकारीको माध्यमवाट सामुहिक लगानी र प्रतिफलको सुनिश्चितता गर्न, संगठित संस्था मार्फत कृषि व्यवसाय संचालन गर्न सवै नागरिकहरुलाई सहकारीतामा आवद्ध हुने वातावरण निर्माण गरिनेछ ।
- निश्चित क्षमताको आधुनिक प्रविधियुक्त खाद्य सुरक्षा बैङ्कको स्थापना गरिने छ । छिमेकी अन्य गाउँपालिका समेतको

सहकार्यमा उचित स्थानमा खाद्द्य सुरक्षा वैक स्थापना गरिनेछ ।

- समुहमा आधारित साना सिंचाई निर्माण तथा मर्मत संभार, सहकारीतामा आधारित साना सिचाई पूर्वाधार निर्माण, प्लाष्टिक पोखरी निर्माणमा अनुदान उपलव्ध गराईनेछ ।

(ख) उद्योग तथा वाणिज्य

- साना तथा घरेलु उद्योग सञ्चालनको लागि तालिम तथा सहुलियत कर्जा उपलब्ध गराईने छ, विपन्न तथा गरिव समूहलाई लक्षित गरी घरेलु साना तथा मझौला उद्द्योगमार्फत रोजगारी सिर्जना गरिनेछ ।
- स्थानीय श्रम, सीप र क्षमतामा आधारित आरन, सिलाई कटाई, डोको, डालो आदि जस्ता परम्परागत पेशाहरुलाई आधुनिकीकरण गरी व्यावसायिक बनाइने छ । उक्त व्यवसायिको लागि उद्यमसिल तथा व्यवस्थापकिय तालिम प्रदान गरिनेछ ।
- परम्परागत उद्योगहरुको पहिचान गरी त्यसको संरक्षण र प्रोत्साहन गरिने छ । उत्पादित सामाग्रिहरुको वजार व्यवस्थापन, वजार पहुंचको लागि पूर्वाधार निर्माण तथा सहज ढुवानीको व्यवस्था गरिनेछ ।
- वन पैदावारमा आधारित उद्योग सञ्चालनलाई प्रोत्साहन गरिने छ । वनपैदावारमा आधारित व्यवसायिकता प्रवर्द्धनमा सहयोग गरिनेछ ।

○ कृषि उपजका प्रशोधन केन्द्रहरुस्थापना गरिने छ । फर्निचर कारखाना, प्लाईउड कारखाना संचालनका लागि सहजिकरण गरिनेछ ।
○ वैदेशिक रोजगारमा रहेका युवाहरुलाई औद्योगिक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ ।

(ग) पर्यटन

○ लुम्बिनीको सबैभन्दा अग्लो पहाड मदानेमा पूर्वाधार विकास गरी धार्मिक एवं पर्वतीय पर्यटनको विकास गरिने छ ।
○ पर्यटन गुरुयोजना निर्माण गरी कंकेदेउराली, टोप्रे, सुइरेलेक, ऐतिहासिक पुर्कोट कोट तथा महत्वपूर्ण मठमन्दिर, पाटीपौवाहरुको संरक्षण र विकास गरिने छ ।
○ मदाने क्षेत्रको पर्यटनलाई लुम्बिनी, रुरु, रेसुङ्गा, विचित्र गुफा, सुपादेउराली, स्वर्गद्वारी, गौमुखी, ढोरपाटन, धौलागिरी र डोल्पासम्म लिंक गर्न एकीकृत योजना निर्माण र प्रचारप्रसार गरिने छ ।
○ लुम्बिनी भ्रमण गर्न आउने पर्यटकहरुलाई सालझण्डी - ढोरपाटन सडकमार्फत यस क्षेत्रमा आकर्षित गर्न विशेष योजना लागू गरिने छ ।
○ बुटवल, भैरहवा, दाङ्ग, नेपालगञ्ज जस्ता शहरका बासिन्दालाई बिदा मनाउनको लागि आकर्षित गर्ने पदमार्ग, हाइकिङ्गरुट, पार्क र उपयुक्त स्थानमा भ्युटावर व्यवस्था गरिने छ ।

- ग्रामिण पर्यटन, पर्या-पर्यटन, आन्तरिक पर्यटन, होमस्टे पर्यटन आदि क्षेत्रहरुको पहिचान, विकास र प्रचारप्रसार गरिने छ ।
- गाउँपालिकाभित्रका लोक संस्कृतिहरु सरायँ, सोरठी, भैलो, पञ्चेवाजा, लोक भजन, झ्याउरे भाका आदिको संरक्षण र विकास गरिने छ । त्यसको लागि प्रतिष्प्रधात्मक कार्यक्रमको आयोजना गर्ने, वाजा तथा अन्य उपकरण खरिदमा प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सुविधा सम्पन्न होटल, रिसोर्ट आदि सञ्चालन गर्न चाहने व्यवसायीहरुलाई प्रोत्साहन गरिने छ । होटल व्यवसाय संचालनको लागि निशुल्क तालिम, सुलभ कर्जाको व्यवस्था गरिनेछ ।

## २. सामाजिक विकास

(क) शिक्षा तथा सञ्चार

- सार्वजनिक, नीजि तथा सहकारी क्षेत्र र गैर सरकारी संस्था समेतको सहकार्य र साझेदारीमा गरिव तथा विपन्न वर्गको लागिसुविधा सम्पन्न छात्रवास सहितको नेपाली र अङ्ग्रेजी भाषामा पढाई हुने सामुदायीक विद्यालय स्थापना गरिनेछ । त्यसको लागि उपयूक्त प्रक्रिया, स्थान र स्रोतको पहिचान कार्यको लागि सम्वद्ध क्षेत्रका जानकारहरु सँग राय परामर्श र छलफल कार्य अगाडि वढाईनेछ । तत्काल कार्य सुरुवातको लागि वजेटको समेत व्यवस्था गरिएको छ ।
- शिक्षण संस्थाहरुको शैक्षिक गुणस्तर वृद्धि तथा अंग्रेजी विषयको पठनपाठन सुधार गर्नको लागि गाँउपालिका क्षेत्रभित्रका सवै

विद्यालयका प्रधानध्यापकहरुको भेला गरि सिक्षण संस्थाको सुधारका लागि स्वघोषणा कार्यक्रम अगाडि वढाईने छ, साथै गुणस्तरिय शिक्षाको सुनिश्चितताको लागि उपयूक्त निति अवलम्वन गरिनेछ ।

- विद्यालयहरुको भौतिक पूर्वाधार सुधार तथा शिक्षक दरबन्दी पुर्ति तथा शिक्षक तालिम संचालन गरिने छ । तालिम संचालन गर्दा विषयगत शिक्षक शिक्षण तालिम, अनुशासन र ईमान्दारीता सम्वन्धि तालिम, सरसफाई सम्वन्धि तालिम, मोन्टेश्वरी तालिम, विद्द्यालय व्यवस्थापन सम्वन्धि तालिम तथा अन्य आवश्यक तालिम संचालन गरी सिक्षकको सिक्षण र व्यवस्थापकिय कार्यकुशलता वृद्धि गरिनेछ । प्रत्येक विद्द्यालयका शिक्षकको दरवन्दी Rearrangement गरिनेछ । Quality Teacher लाई प्रोत्साहन गरिनेछ । शिक्षकहरुको कार्यसम्पादनलाई विद्द्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासंग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।
- मध्यम स्तरको जनशक्ति उत्पादन गर्न सक्ने प्राविधिक शिक्षालयको स्थापना गरिने छ ।
- विपन्न तथा असहाय विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था र पालनपोषणमा सहयोग गरिने छ ।
- विद्यालय तहमा कम्प्युटर शिक्षा अनिवार्य गरिनेछ ।
- गाउँपालिका केन्द्रमा सुविधा सम्पन्न र आधुनिक सूचना प्रविधि युक्त सामुदायिक अध्ययन केन्द्र स्थापना गरिने छ । त्यसको

लागि जनज्योती क्याम्पस पुर्कोटदहको व्यवस्थापन सँग समन्वय र सहकार्यका आधारमा आवश्यक पहल गरिनेछ ।

- जनज्योति क्याम्पस पुर्कोटदहमा स्नातकोत्तर तहसम्मका कक्षा सञ्चालनको लागि पहल गरिने छ ।
- बालविकास कक्षालाई व्यवस्थित गर्ने तथा प्राथमिक तह पढाई हुने विद्यालयहरुमा बालउद्यान निर्माण गरिने छ ।
- अपाङ्ग मैत्री शिक्षा, बालशिक्षा, महिला शिक्षा, प्रौढ शिक्षा आदिलाई ब्यवस्थित र सुनिश्चित गरिने छ ।
- आवश्यकता र सम्भाव्यतालाई ध्यानमा राखी एफ।एम।रेडियो तथा पत्रपत्रिका सञ्चालनको अनुमति प्रदान गरिने छ ।

(ख) स्वास्थ्य

- आधारभूत र मध्यम स्तरीय स्वास्थ्य सेवा प्रत्येक वडाहरुमा उपलब्ध हुने गरी संस्थागत सुधार र जनशक्ति व्यवस्थापन गरिनेछ । प्रत्येक वर्ष एक दिन ७० वर्ष उमेर भन्दा माथीका उमेर समूहका नागरिकको अनिवार्य स्वास्थ्य जाँचको व्यवस्था मिलाईने छ । यस कार्यलाई रुचिकर वनाउन सम्वन्धित स्वास्थ्यकर्मिलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । दलित, अल्पसंख्यक समुदायका नागरीकलाई निशुल्क प्राथामिक स्वास्थ्य सुविधा उपलव्ध गराईनेछ ।
- उपयुक्त स्थानमा ३ वर्ष भित्र कम्तीमा २५ बेडको अस्पताल, निश्चित क्षमताको आई.सि.यु सेवा, एक्सरे, सि.टि.स्क्यान, इन्डोस्कोपि, जनरल मेडिसिन, जनरल सर्जरी समेतका

सुविधाहरुस्थापना र सञ्चालनको लागि कार्यप्रक्रिया अगाडि बढाइने छ ।

- प्रत्येक स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर स्थापना र सेवाग्राहीले प्राप्त गर्ने सुविधा विस्तार गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको लागि थप प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- आवश्यक स्थानमा सामुदायिक स्वास्थ्य इकाइहरुको स्थापना गरिने छ ।
- अनिवार्य स्वास्थ्य विमा, स्थानीय स्वास्थ्य कोष र क्रमस सबै वडाहरुमा एम्बुलेन्स सुविधा उपलब्ध गराइने छ ।

- निश्चित समयावधिमा घुम्ती स्वास्थ्य शिविर आयोजना गरी सबै नागरिकको स्वास्थ्य परिक्षणको ब्यवस्था मिलाइनेछ । यसलाई वार्षिक पात्रोमा नै उल्लेख हुने गरी सुनिश्चित गरिनेछ ।
- "म स्वस्थ्य, मेरो देश स्वस्थ्य" अभियानलाई सरकारी र गैरसरकारी संस्थाहरुको साझेदारीमा विस्तार गरिनेछ । विद्दयार्थिहरुलाई स्वास्थ्य सम्वन्धि चेतना जगाउने मूख्य पात्रको रुपमा स्थापित गर्दै सरकारी तथा निजी विद्द्यालय मार्फत यस अभियानलाई अगाडी वढाईनेछ ।
- स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउतरदायी वनाउन सुशासनमा जोड दिइनेछ ।
- स्वास्थ्य तथा पोषणवारे जनचेतना जागृत हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

- जनसंख्या व्यवस्थापन सम्वन्धि अभिमूखिकरण र चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

(ग) खानेपानी तथा सरसफाई

- प्रत्येक घरधुरीलाई स्वच्छ खानेपानीको लागि एक घर एक धाराको सुविधा उपलब्ध गराउने ।
- चालु योजनाहरु छिटो सम्पन्न गर्ने, पुराना, अव्यवस्थित र जीर्ण खानेपानी योजनालाई मर्मत गरी व्यवस्थित गरिनेछ ।
- खानेपानीका मुहानहरुको संरक्षण गर्ने । जोखिमममा रहेका खानेपानी मुहानको संरक्षणका लागि त्यस्ता खानेपानी मुहानको लागत संकलन गर्ने, सो को वरपर वृक्षारोपण गर्नको लागि प्रोत्साहन गरिने छ ।
- श्रोत अभाव भएका बस्तीहरुमा लिफ्टीङ्ग खानेपानी तथा आकाशे पानी संकलन योजना संचालन गरिने छ ।
- फोहोरमैलाको सुरक्षित व्यवस्थापन गर्दै पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ ।
- विद्यार्थी तथा शिक्षकलाई एकीकृत फोहोर व्यवस्थापन तालिम प्रदान गरिनेछ ।
- दलितवस्ति केन्द्रित खानेपानी तथा सरसफाई कार्यलाई प्राथामिकता दिईनेछ ।

## ३. पूर्बाधार विकास

(क) भौतिक पूर्वाधार विकास

- पूर्वाधार विकासको लागि योजना वैक निर्माण गरी प्रथामिकता र अत्यावाश्यकताका आधारमा पूर्वाधार विकासका योजनाहरु छनोट गरिनेछ । पूर्वाधार विकास कार्यक्रमलाई संघस्तरिय, प्रदेशस्तरिय र स्थानीय तह स्तरिय गरि विभाजन गरिनेछ ।
- मदाने गाउँपालिका तथा मातहतका सरकारी कार्यालयहरुको भौतिक संरचनाहरु निर्माण गरी सेवालाई प्रभावकारी बनाइनेछ ।
- प्रत्येक वडाहरुमा वडा कार्यालय निर्माण र सञ्चालन गरिनेछ ।

- एकिकृत वस्ति विकासमार्फत् स्मार्ट भिलेजको अवधारणा अनुकुल हुनेगरी पुर्वाधार विकासलाई प्राथमिकता दिइने छ ।
- द्वन्द कालमा विस्थापित पुर्कोटदहको कृषिविकास बैङ्क तथा अन्य संस्थाहरुको पुनर्स्थापनाको लागि पहल गरिनेछ ।
- बैङ्क तथा वित्तीय संस्थाका शाखा र सहकारी सस्थाहरुको स्थापना गरी वित्तीय क्षेत्रमा सबैको सहज पहुँच स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

➢ सडक तथा यातायात पूर्वाधार विकास

- तम्घास-सिमलटारी-प्युठान सडक, सेउघा-सिमाघाट-पुर्कोट सडक, सालझण्डी-ढोरपाटन सडक, सिमल्टारी-सिर्सेनी-पोखरा-अलुङ्गफेंदी सडक, द्वानेटा - सिम-म्यालपोखरी-मलागिरी-प्यूठान सडक तथा गाउँपालिकाभित्रका महत्वपूर्ण सडकहरु ५ बर्षभित्र स्तरोन्नति र कालोपत्रे गरिने छ ।

- सबै वडाहरुलाई जोड्न रिङ्रोड बनाई यातायात सेवा सञ्चालन गरिने छ, त्यसको लागि प्राविधिक अध्ययन कार्य तत्काल सुरुवात गरिनेछ ।
- ग्रामीण क्षेत्रका गोरेटो, घोडेटो बाटोहरुको स्तरोन्नति गरिने छ ।
- गाउँपालिका केन्द्रमा बस पार्क निर्माणको लागि पहल गरिने छ ।
- गाउँपालिकाको एकीकृत विकासको लागि गुरुयोजना तयार गरिने छ ।

(ख) विद्युत तथा उर्जा

- आगामी २ वर्षभित्र प्रत्येक घरधुरीमा विद्युत सेवा पुर्‍याईने छ ।
- काठका पोलहरु विस्थापन गरी फलामका पोलको व्यवस्था गरिने छ ।
- महत्वपूर्ण बजार क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिने छ ।
- हरेक किसानको घर घरमा एकघर एक बायोग्यास मार्फत् खान पकाउने उर्जामा आत्मनिर्भर बनाइनेछ ।
- सुधारिएको चुलो प्रबर्धन गरि धुँवा मुक्त र उज्यालो घर कार्यक्रम कार्यान्वयन गर्ने ।

## ४. बातावरण तथा विपद् ब्यवस्थापन

(क) वन, वातावरण तथा भूसंरक्षण

- मदाने क्षेत्र वरपर पाइने जडीवुटीको पहिचान संरक्षण, उत्पादन, प्रशोधन र बजारीकरण गरी आम्दानी बढाइने छ ।

- सामुदायिक वनबाट जनताको आयस्तर बढाउन अम्रिसो, उन्नत जातका घाँस, जडीबुटी तथा फलफूल खेती गर्न प्रोत्साहित गरिने छ ।
- मदाने संरक्षित वन र त्यस वरपरको जैविक विविधताको संरक्षण गरिने छ , वन डढेलो लगाउने अपराधिहरुलाई कडा कानुनी कारवाहि गरिनेछ । वन डढेलो नियन्त्रणमा उल्लेखनिय योगदान पुर्याउने व्याक्तिहरुलाई पुरस्कार र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
- अग्लुङ्ग र सुइरेलेक वरिपरिका चन्दनका रुख तथा म्यालपोखरी, पुर्कोटदह लगायतका स्थानमा रहेका लालीगुराँसहरुसंरक्षण गरिने छ ।
- वातावरणलाई सन्तुलित र हराभरा राख्न पिपल, स्वामी, वर, लाकुरी जस्ता रुखविरुवा रोप्न प्रोत्साहन गरिने छ ।
- प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिने छ ।
- भेंडीखोर, पनाह, छल्दी, झिमरुक र मलागिरीखोला किनारको भूमि संरक्षण कार्यक्रम लागू गरिने छ ।
- भूक्षय र पहिरो नियन्त्रणको लागि विशेष कार्यक्रम लागू गरिने छ ।
- प्रकृतिक प्रकोप र विपदमा तुरुन्त राहत र उद्धारका लागि गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरीने छ ।

## ५. <u>संस्थागत विकास र सेवा प्रबाह</u>

(क) युवा तथा खेलकुद

○ गाउँपालिकामा व्यवस्थित खेलमैदान कभर्डहल र वडास्तरमा खेलमैदानहरुको निर्माण गरिने छ ।

○ युवा क्लबहरुको संस्थागत क्षमता विकास तथा खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग गरिनेछ ।

○ युवाहरुलाई व्यावसायिक र सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगारलाई प्रोत्साहन गरिने छ ।

○ व्यवसाय तथा उद्यम गर्न चाहने युवाहरुलाई सहुलियत ऋणको व्यवस्था गरिने छ ।

○ पूर्वाधार निर्माणका काममा स्थानीय युवाहरुलाई प्राथमिकता दिइने छ ।

○ व्यवसायिक कृषि तथा पशुपालन गर्ने युवाहरुलाई सीप, प्रविधि तथा उपकरण उपलब्ध गराईने छ ।

○ युवाहरुको क्षमता विकास, नेतृत्व विकास, गर्दै सचेतना अभिवृद्धि समाज सुधार र विकास निर्माणका काममा युवाहरुलाइ परीचालन गर्न सकिने खालका कार्यक्रमहरु अवलम्वन गरिने छ ।

(ख) जनता आवास

○ विपन्न घरधुरीका खरको छाना हटाउन चाहने घरधुरीहरुलाई जस्तापाता प्रदान गर्ने कार्यको शुरुवात गरिने छ ।

○ भुकम्प प्रतिरोधी घर निर्माणलाई प्रोत्साहन गरिने छ ।

○ घरविहीन, विपन्न तथा भूमिहीनहरुको लागि आवास सुविधा उपलब्ध गराइने छ ।

(ग) ज्येष्ठ नागरिक तथा समावेसी विकास

○ सामाजिक सुरक्षा भत्ता बैङक मार्फत प्राप्त गर्ने व्यवस्था मिलाईने छ ।

○ असहाय तथा ज्येष्ठ नागरिकहरुका लागि उपयुक्त स्थानमा सुविधासम्पन्न आवास गृह निर्माण गर्ने ।

○ ज्येष्ठ नागरिक, अतिविपन्न र असहायहरुको नि:शुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिने छ ।

○ विकासका प्रक्रियामा महिला, दलित, जनजाति तथा विपन्न समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

○ महिला हिंसा, बालविवाह, बहुविवाह, जातीय छुवाछुतजस्ता गैरकानुनी कार्य नियन्त्रण गरी समतामूलक समाज निर्माणमा जोड दिईने छ ।

(घ) मानव संशाधन विकास

○ गाउँपालिका क्षेत्र भित्र रहेका मानव संशाधनको लगत तयार गरी क्रमशः अध्यावधिक गरिने छ ।

○ स्थानीय राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम मानव शक्तिको विकासमा लगानी गरिने छ ।

○ बिभिन्न निकाय तथा संस्थाहरुसंग समन्वय गरी ब्यवसायिक तथा सिप विकासका तालिमहरु जस्तै क) जनरल मेकानिक्स ख) विद्युत जडान ग) पलम्विङ घ) महिला तथा पुरुष केश श्रृङ्गार ङ) सिलाई कटाई च) इलेक्ट्रनिक्स मर्मत छ) व्यवसायिक कृषि ज) पाक शिक्षा तथा उद्यमशिलता लगायतका कार्यक्रम सञ्चालन गरीने छ ।

- ○ वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरी तत्कालिन अवस्थाको सूचना अध्यावधिक गरिने छ ।
- ○ गाउँपालिकाको योजनावद्ध विकासको लागि विज्ञ समुहको गठन गरिने छ। साथै सल्लाहाकार र विषय विज्ञ विच अन्तरक्रिया गरि विज्ञहरुको सुझाव सल्लाह अनुसार मानव सशाधन विकास कार्य अगाडि बढाइने छ ।

## ६. <u>वित्तिय ब्यवस्थापन तथा सुशासन</u>

(क) सुशासन तथा पारदर्शीता

- ○ गाउँपालिकाको आयव्यय पारदर्शी तथा सेवालाई छिटोछरितो बनाइने छ ।
- ○ हामिले तिरेको कर तथा राजस्व हाम्रैलागि हो भन्ने धारणा को विकास गर्न जनचेतना अभियान चलाइने छ ।
- ○ विकासनिर्माण कार्यमा समयमै काम र तत्कालै भुक्तानीको नीति लिइने छ ।
- ○ गाउँपालिकाका सबै निकायहरुलाई सेवाग्राहीप्रति जवाफदेही एवं उत्तरदायी बनाईने छ ।
- ○ भ्रष्टाचार विरुद्ध शून्य शहनशिलताको मान्यता र सदाचार पद्धतिको प्रवर्द्धन गरिने छ ।
- ○ जनसहभागितामूलक विकासलाई प्राथमिकता दिइने छ ।
- ○ पसलहरुमा अनिवार्य मूल्य सूची राख्नु पर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

○ अन्य छिमेकी गाउँपालिका र नगरपालिकाहरुसँग सुमधुर सम्बन्ध कायम गरी विकास साझेदारीको रणनीति अवलम्बन गरिने छ ।

○ स्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय बृद्धिमा विशेष जोड दिईने छ ।

○ योजनालाई व्यवस्थित, पारदर्शी र जनमुखी वनाउन अधिकार सम्पन्न गाउँपालिका स्तरिय विकास परामर्स तथा अनुगमन समिति गठन गरिने छ ।

कृषि, शिक्षा, स्वास्थ्य, विज्ञान /प्रविधि, पर्यटन तथा वातावरण, उद्योग, भाषा / संस्कृति, भौतिक निर्माण तथा यातायात, जन प्रशासन, सुरक्षा लगायतका क्षेत्रहरुमा अनुसन्धान तथा विकासका लागि संवन्धित क्षेत्रका विज्ञहरुको सुझावलाई आधार बनाई अघि बढिने छ । उल्लेखित क्षेत्रहरुमा गाउँपालिका भित्र रहेका विषय विज्ञहरुको विज्ञताको अधिकतम उपयोग गर्ने गरी तथ्याङ्क संकलन र अध्यावधिक गरिने छ ।

सभाध्यक्ष महोदय,

अन्त्यमा मदाने गाँउपालिकाको यि निति तथा कार्यक्रमहरु कार्यान्वयन गरी कृषि, पर्यटन पुर्वाधार विकासको मध्येवाट सम्पुर्ण गाँउपालिका वासिको आर्जनमा वृद्धि गरी समृद्ध मदाने गाँउपालिका निर्माण गर्न सकिने भएको ले सम्पुर्ण गाउँपालिका वासी आमा वुवा दाजुभाइ दिदि वहिनि विभिन्न वर्ग समुदाय सघं सस्था राजनैतिक

दल कर्मचारी लगायत सम्पुर्ण सरोकारवाला हरु मा यथोचित सहयोगको लागि हार्दिक अपिल गर्दछु ।